मितिः २०८१/०३/१०
समयः विहान ११.०० बजे
स्थानः नागार्जुन नगरपालिकाको सभाहल

नागार्जुन नगरपालिकाका नगर प्रमुख एवम् नगर सभाध्यक्ष श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को नवौं नगर सभाको बैठक देहायका नगर सभाका सदस्यज्यूहरूको उपस्थितीमा बसी निम्न बमोजिमको छलफल गरियो ।

तपसिलः

| सि.नं | नामथर | पद | दस्तखत |
| --- | --- | --- | --- |
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख (सभापति) | |
| २ | माननीय श्री भानुभक्त जोशी | प्रमुख अतिथि एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री | |
| ३ | माननीय श्री विराजभक्त श्रेष्ठ | युवा तथा खेलकुद मन्त्री | |
| ४ | श्री कृष्ण गोपाल श्रेष्ठ | पूर्व मन्त्री, नेपाल सरकार एवम् प्रतिनिधि सभा सदस्य | |
| ५ | माननीय गणेश पराजुली | प्रतिनिधि सभा सदस्य | |
| ६ | श्री अष्टलक्ष्मी शाक्य | पूर्व मुख्य मन्त्री | |
| ७ | श्री राधाकृष्ण मैनाली | पूर्व मन्त्री | |
| ८ | श्री सुरेश मल्ल | पूर्व मन्त्री | |
| ९ | श्री राजेन्द्र श्रेष्ठ | पूर्व मन्त्री | |
| १० | श्री विक्रम बहादुर थापा | पूर्व मन्त्री | |
| ११ | श्री जीवनराम श्रेष्ठ | पूर्व मन्त्री | |
| १२ | श्री कल्पना धमला | पूर्व मन्त्री | |
| १३ | माननीय श्री केशव प्रसाद पोखरेल | वन तथा वातावरण मन्त्री, बागमती प्रदेश सरकार | |

**निर्णयहरू:**

निर्णय नं. १

यस बैठकमा उपप्रमुखज्यूले नगर सभामा पेश गर्नु भएको कार्यक्रम तथा बजेट नगर सभामा पेश गर्नु भएकोमा देहाय बमोजिमको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मत रूपले पारित गर्ने निर्णय गरियो ।

तपसिलः

# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था रहेको छ । यस अवसरमा देशको राजधानीमा अवस्थित नागार्जुन नगरपालिकाको नवौं नगर सभामा आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यस चालु आ.व. २०८०/०८१ का लागि अघिल्लो वर्ष तय गरिएको नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको स्थिति संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नेपालको संविधानले व्यवस्था गरेको निःशुल्क शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनको लागि नागार्जुन नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुले विभिन्न नाममा विद्यार्थीहरुबाट वार्षिक रुपमा लिदै आएको भर्ना शुल्क वा मासिक रुपमा लिने शुल्क खारेज गरी नेपालको संविधानद्वारा प्रदत्त निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गरिएको छ । साथै निजी विद्यालयहरूले लिन पाउने उच्चतम शुल्कको सीमा तयार गरिएको, छात्रवृत्ति सम्बन्धी व्यवस्थाको कार्यान्वयनको अनुगमन एवम् निगरानी गरिएको, स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक तयार गरी लागू गरिएको, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनको शुरूवात भएको, सामुदायिक विद्यालयमा साइबर अपराध सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गरिएको, किशोरीहरूलाई आत्मरक्षा सम्बन्धी तालिम लगायतका कार्यक्रमहरू सञ्चालन हुनका साथै लामो अवधिको व्यवसायिक सीप विकास तालिम कार्यक्रम मार्फत करिव ५८ जना भन्दा धेरै व्यक्तिहरूलाई दक्ष बनाई रोजगारीका लागि योग्य बनाईएको छ ।

२. यसै आ.व.बाट नगरपालिकामा ५ शैयाको नगरस्तरीय अस्पताल स्थापना गरी सञ्चालनमा ल्याईएको छ । स्वास्थ्य बिमा कार्यक्रमको पहुँच नगरवासीहरूमा पुगी सकेको छ । आगामी दिनमा नगर अस्पतालबाट प्रदान गरिने सेवाहरूलाई चुस्त र गुणस्तरीय बनाउन नगरपालिका लागि परेको छ । नगर एम्बुलेन्स र शववाहनबाट निःशुल्क सेवा प्रदान भइरहेको, कडा तथा दीर्घ रोग जस्तै क्यान्सर, मुटु तथा मृगौला रोगी, मानवअङ्ग प्रत्यारोपण गरेका विरामीलाई मापदण्डको आधारमा आर्थिक सहायता उपलव्ध गराइएको छ ।

३. नागार्जुन नगरपालिका वडा नं. १ देखि १० सम्मका स्थानीय अशक्त, अपाङ्ग, जेष्ठ नागरिक, एकल महिला लक्षित घरदैलोमा नै प्रेसर, सुगर जाँच तथा परामर्श एवम् साधारण निशुल्क औषधि वितरण, विभिन्न संघसंस्थाहरूसँगको सहकार्यमा आँखा शिविर, दन्त शिविर, मुटु परिक्षण शिविर, आयुर्वेदिक स्वास्थ्य शिविरहरू समेत सम्पन्न भएका छन् ।

४. नागार्जुन नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणाका लागि कार्य योजना तयार गरी कार्य अगाडि बढाई सकिएको जानकारी गराउन चाहन्छु । साथै महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरूका लागि सहायता सामग्रीहरू वितरण, अपांगता भएका व्यक्ति तथा परिवारका लागि सीप विकास तालिम, दोभाषे सेवा लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन् । साथै ज्येष्ठ नागरिकहरूका लागि तिर्थ यात्रा तथा सामाजिक पुनर्मिलन लगायत विपन्न ज्येष्ठ नागरिकहरूका लागि सहायता सामग्री तथा शक्तिवर्धक आयुर्वेदिक औषधीहरूको वितरण गरिएको छ ।

५. स्थानीय स्तरमा लघु उद्यमीहरूद्वारा उत्पादित वस्तुहरूको बजारीकरण तथा प्रोत्साहनका लागि व्यापार मेला आयोजना गरी बिक्री वितरणको व्यवस्था मिलाईएको, लघु उद्यमीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले उद्यमशिलता तथा पञ्चे बाजा बजाउने, अचार बनाउने, बेकरी, मखमली जुत्ता/झोल साबुन/धुप/सिलाई कटाई लगायतका सीप विकास तालिम प्रदान गरी उद्यमीहरूलाई सीपसँग सम्बन्धीत प्रविधि हस्तान्तरण गरी स्वरोजगारका लागि प्रोत्साहन गरिएको छ ।

६. यस आ.व.को जेष्ठ मसान्तसम्मको तथ्यांक अनुसार गत आ.व.को सोही अवधिको तुलनामा नगरपालिकाको आन्तरिक राजश्व वृद्धि दर २२ प्रतिशत भन्दा बढी रहेको छ, नगरवासीहरूले घरबाटै राजश्व तिर्न सक्ने प्रविधिको विकास गरी कार्यान्वयनमा ल्याईएको छ तथा १० वटै वडाबाट व्यवसाय दर्ता तथा अनुगमनलाई तिव्रता दिईएको भएता पनि संघ र प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँडमा हुँदै आएको भारी कटौतीले नगरपालिकाको वित्तीय स्वास्थ्यमा चुनौती खडा गरेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

७. नागार्जुन नगरपालिका क्षेत्रभित्र व्यवसायिक कृषि प्रवर्द्धनका लागि ५०/५० लागत सहभागितामा हाते ट्याक्टर वितरण, उत्कृष्ट कृषकहरूलाई नियमानुसार व्यवसाय विस्तार अनुदान, विभिन्न किसिमका बिउविजन/विषादी/किटनासक औषधी, कम्पोष्ट बिन, ड्रागन फ्रुट, सिँचाई पाईप लगायत सिजन अनुसारका फलफुलका बिरूवाहरू समेत अनुदानमा वितरण गरिएको छ ।

८. नगरपालिका क्षेत्र भित्र पशुपालनलाई प्रोत्साहन गर्न घाँसको बिउ, विभिन्न संक्रामक रोग विरूद्धको भ्याक्सिन अभियान, दुध चिस्यान केन्द्र स्थापना अनुदान, बाखा पालन तालिम, Cow Mat वितरण, नगरपालिकाको आन्तरिक श्रोत तथा निजी कम्पनीहरूको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत खर्च गर्ने गरी कुल

५०० भन्दा बढी सामुदायिक कुकुरहरूलाई बन्ध्याकरण, भ्याक्सिनेशन लगायतका कार्यहरू सम्पन्न भएको छ ।

९. नगरपालिका क्षेत्रभित्र सडक तथा यातायात सम्बन्धी नीतिलाई दीर्घकालीन हुने गरी निर्माणका लागि नगर यातायात गुरू योजना निर्माण कार्य शुरू हुनका साथै रूग्ण एवम् समस्याग्रस्त रहेका नाम्गेल चोक क्षेत्र, बाफल – महांकाल सडक, आदेश्वर – डाँडागाउँ – इचंगुनारायण, शरणपुर – आनि गुम्बा भित्री सडक, संकटा – मनमति सडक, भिमसेनथान – थाप्ले सडक, खड्का गाउँ – पाखुरे सडक लगायत सवै वडाका महत्वपूर्ण भित्री सडकहरू गरी कुल १५ कि.मि. भन्दा बढी सडकको स्तरोन्नती कार्य चालु आ.व. भित्र सम्पन्न भएको छ । साथै विगतमा कालोपत्रे/ढलान भई मर्मत गर्नु पर्ने देखिएका सवै जसो वडाका मुख्य तथा सहायक सडकहरू मर्मत सम्भार कार्य सम्पन्न भएको छ । खुल्ला व्यायामशाला सहितको एक वडा एक पार्क कार्यक्रमका लागि १० वटै वडाबाट स्थान पहिचान भई विस्तृत परियोजना प्रतिवेदन तयार भई निर्माण कार्य शुरूवात भईसकेको जानकारी गराउन चाहन्छु ।

१०. नागार्जुन नगरपालिका क्षेत्रभित्र रहेका खानेपानी उपभोक्ता समितिहरूबाट वितरीत खानेपानीको शुद्धताको परिक्षण गरी समस्या देखिएका स्थानहरूमा सुधारका लागि ताकेता गरिएको, खानेपानी समितिहरूमा देखिएका सुशासन सम्बन्धी समस्याहरूलाई समाधान गर्न साधारण सभा, लेखा परिक्षण लगायतका कार्यहरू गराईएको तथा समग्र खानेपानी तथा सरसफाई सम्बन्धी नीतिमा एकरूपता कायम गर्न नगरस्तरीय खानेपानी तथा सरसफाई सम्बन्धी कानून तर्जुमा कार्य अन्तिम चरणमा पुगेको छ । साथै स्यूचाटारमा रहेको खानेपानी अभावको समस्या समाधानका लागि बृहत आयोजनाको भौतिक प्रगति ७० प्रतिशत भन्दा बढी हासिल भई सकेको समेत अवगत गराउन चाहन्छु ।

११. नागार्जुन नगरपालिका क्षेत्र भित्र हुन सक्ने सम्भावित विपद् व्यवस्थापनको लागि वडास्तरमा द्रुत प्रतिकार्य समूह (Rapid Response Team) गठन गरी आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा राहत उद्दारका सामाग्रीहरू समेतको व्यवस्था गर्ने प्रक्रिया अगाडि बढाई सकिएको छ ।

१२. नागार्जुन नगरपालिकामा अवस्थित आदेश्वर महादेव मन्दिरको विस्तृत गुरु योजना निर्माण कार्य अगाडि बढाईएको साथै इचंगुनारायण मन्दिरको पुनः निर्माण कार्यलाई तिव्रता दिईएको छ । नगरपालिका कार्यालयसँगैको हरिसिद्धि माताको मन्दिर पुनः निर्माण अन्तिम चरणमा पुगेको छ

१३. सहकारी मार्फत हुने वित्तीय कारोवारलाई सुरक्षित र भरपर्दो बनाउन नियमित रुपमा नियमन र अनुगमनको शुरूवात गरिएको छ । साथै सहकारी संघसंस्थाहरुको विवरण अद्यावधिक गराउने, समयमा नै साधारण सभा तथा लेखा परिक्षण गर्न उत्प्रेरित गरिनुका साथै जिम्मेवार

पदाधिकारी तथा कर्मचारीहरूलाई तालिम तथा क्षमता विकासका कार्यक्रमहरू समेत सञ्चालन गरिएको छ ।

१४. नगरपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई क्रमशः प्रविधिमैत्री बनाउँदै लगिएको तथा अभिलेख व्यवस्थापन समेत प्रभावकारी बनाउँदै लगिएको छ । डिजिटल घर नक्सा इजाजत प्रणाली, पुराना नक्साहरूको डिजिटाईजेशन, कर्मचारीहरूको ई-हाजिरी, योजना कार्यान्वयनमा सफ्टवेयरको प्रयोग, वडा सिफारीसमा एकरूपताका लागि सफ्टवेयरको प्रयोग लगायतका डिजिटल सुधारका कार्यहरूले समयको बचत, छिटो छरितो सेवा प्रवाह तथा चुस्त अभिलेख व्यवस्थापनमा सहयोग पुर्याएको छ ।

१५. नागार्जुन नगरपालिका गत आ.व.हरूमा माथिल्लो निकायहरूबाट हुने मूल्यांकनका मापदण्डहरू स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन Local Government Institutional Capacity Self - Assessment(LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FIDUCIARY RISK ASSESSMENT - FRA), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने कार्य सम्पादन मूल्यांकन, अन्तिम लेखा परिक्षणबाट कायम हुने बेरूजु फछ्र्यौट जस्ता मूल्याङ्कन सूचकहरुमा क्रमशः सुधार हुँदै आएको छ । जसले गर्दा नगरपालिकाको कार्य सम्पादन र सुशासनका पक्षमा सकारात्मक परिवर्तन हुँदै गएको प्रष्ट हुन्छ ।

सहभागितामुलक योजना पद्धति र प्रभावकारी अनुगमन तथा दैनिक सेवा प्रवाहको प्रभावकारीताका लागि हामीले अवलम्वन गरेको नीति, योजना, कार्यक्रम र व्यवहारले नगरवासी सवैमा स्थानीय सरकार प्रतिको विश्वास अभिबृद्धि गरेको छ भन्ने मलाई लागेको छ । नगरपालिकाको संस्थागत क्षमता विकासका लागि कानून तथा कार्यविधिहरू निर्माण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिईनुका साथै नीतिमा आधारित योजना तथा कार्यक्रमका लागि नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना तर्जुमा कार्य समेत अन्तिम चरणमा पुगेको जानकारी गराउन चाहन्छु । साथै नगरपालिकाका लागि प्रदान गरिने रचनात्मक सुझाव र सल्लाह, गुनासो र खबरदारी हाम्रा लागि सदैव ग्रहणीय र स्वागतयोग्य छन् । अब म नगरप्रमुखज्यूको अनुमति अनुसार यस नगरपालिकाको आगामी आ.व. को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

<u>नीति तथा कार्यक्रमको लक्ष्यः</u>

नेपालको संविधानले तय गरेको स्वायत्तता र स्वशासनको अधिकारलाई सहकारिता, सहअस्तित्व र समन्वयका साथ उपयोग गर्दै, पूर्ण पारदर्शी भई जनसहभागिता र उत्तरदायित्वको सुनिश्चितता गरी संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरू स्थानीयस्तरमा समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु, प्रभावकारी सेवा प्रवाहको प्रवन्ध मिलाउनु, युवा तथा बेरोजगार व्यक्तिहरूको सीप विकास गरी रोजगारीको प्रवन्ध गर्नु, समाजका अल्पसंख्यक, सीमान्तकृत तथा कमजोर वर्गको सशक्तिकरण तथा मूल प्रवाहीकरण गर्नु, नगर भित्र गुणस्तरीय पूर्वाधारको विकास गर्दै परम्परागत कला, संस्कृति,

पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्द्धन गरी नगरलाई साँस्कृतिक रुपले उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्दै जनताको गुणस्तरीय जीवनयापनको अवसर सृजना गरी सम्बृद्धि हासिल गर्ने लक्ष्य निर्धारण गरिएको छ। यो लक्ष्य पूरा गर्न सहयोग पुग्ने गरी सामाजिक विकास (स्वास्थ्य, शिक्षा र जेष्ठ नागरिक, महिला तथा बालबालिका), आर्थिक विकास (कृषि, उद्योग, रोजगारी सृजना), भौतिक विकास (विकास निर्माण तथा विपद व्यवस्थापन) एवं सुशासन लाई नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

मुख्य नीतिहरु:

१. गुणस्तरीय शिक्षा एवम् स्वास्थ्य सेवा, खानेपानी एवम् फोंहरमैलाको प्रभावकारी व्यवस्थापन,
२. नवप्रबर्तन, स्वरोजगार, सीप र स्थानीय पूँजी र प्रबिधिको माध्यमबाट उद्यमशीलता एवम् रोजगारी प्रवर्द्धन,
३. विपद् सम्वेदनशील, वातावरणमैत्री गुणस्तरीय शहरी पूर्वाधारमा नागरिकको पहुँच अभिवृद्धि,
४. महिला, बालबालिका, अपांगता भएका व्यक्ति एवम् सामाजिक साँस्कृतिक रूपले पिछडिएका व्यक्तिहरूको उत्थान तथा सशक्तिकरण,
५. नगरपालिकाको वित्तीय शक्तिको विस्तार एवम् संस्थागत क्षमता अभिवृद्धि,
६. प्रभावकारी सेवा प्रवाह एवम् पारदर्शीता, उत्तरदायित्व र जवाफदेहीता प्रवर्द्धन गरी स्थानीय सरकार प्रति नागरिक विश्वास अभिवृद्धि

उपर्युक्त प्रमुख नीतिहरुको आधारमा देहाय बमोजिमको क्षेत्रगत नीति तथा कार्यक्रमको अवलम्वन तथा कार्यान्वयन गरिनेछ ।

## १. आर्थिक विकास

### क. राजश्व परिचालन

१. नगरपालिका क्षेत्र भित्र सञ्चालित सबै किसिमका आर्थिक तथा व्यवसायिक क्रियाकलापहरूलाई व्यवसाय करको दायरामा ल्याउने तथा करका दरहरूमा समेत वैज्ञानिक पुनरावलोकन गरी करदातामैत्री राजश्व नीति अवलम्बन गरिनेछ ।
२. नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सबै करदाताहरूको अभिलेख व्यवस्थापनलाई प्रविधिको प्रयोग मार्फत व्यवस्थित गरिनेछ । करदाताको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गरिनेछ ।
३. नगरपालिकाको आन्तरिक आयलाई थप सुदृढ बनाई बजेटमा पर निर्भरता घटाउन कूल बजेटमा आन्तरिक आयको हिस्सा क्रमशः बढाउदै लगिनेछ ।
४. राजश्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ । राजश्व प्रशासन अन्तर्गत कार्यरत कर्मचारीहरुका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाले कर सङ्कलनको लागि व्यवस्था गरेको अनलाईन प्रणालीमा थप सुधार गरी राजश्व सङ्कलन प्रक्रियालाई व्यवस्थित एवम् प्रभावकारी बनाईनेछ ।

५. कर राजश्व तथा गैरकर राजश्वको क्षेत्र विस्तार एवं करका दरहरुलाई लागत प्रभावी हुने गरी समयसापक्ष परिमार्जन गरिनेछ ।

६. नागार्जुन नगरपालिकालाई आन्तरिक श्रोतबाट आत्मनिर्भर नगरपालिका बनाउन करको दायरा विस्तार गर्न आवश्यक अध्ययन तथा अनुसन्धानका कार्यहरू अगाडि बढाईनेछ। साथै नगरपालिकामा सङ्कलन हुने सम्पूर्ण कर तथा गैर कर राजश्वको परिपालना दर अभिवृद्धि गर्न तथा राजश्वमा हुने चुहावटलाई न्यूनीकरण गर्न हरेक वडा मार्फत अनुगमन तथा नियमनलाई तिव्रता दिँदै घुम्ती सेवा समेत सञ्चालन गरिनेछ।

७. आ.व. २०८१/८२ को कार्तिक मसान्त भित्र सम्पत्ति कर तथा भुमिकर तिर्ने करदातालाई १० प्रतिशत छुट, आ.व. २०८१/८२ को एकमुष्ठ रुपमा आर्थिक वर्ष भरीको बहाल कर कार्तिक मसान्त भित्र चुक्ता गर्ने करदातालाई २५ प्रतिशत छुट प्रदान गरिनेछ । साथै फरक क्षमता भएका व्यक्तिहरुको नाममा दर्ता हुने व्यवसायलाई व्यवसाय दर्ता दस्तुरमा ५० प्रतिशत छुट र महिलाको नाममा दर्ता हुने ५ लाख भंन्दा कम पुँजीको लघु, घरेलु तथा साना उत्पादनमूलक उद्योगको दर्ता दस्तुरमा २५ प्रतिशत छुट सुविधालाई निरन्तरता दिईनेछ ।

८. राजश्वका नयाँ दायरा पहिचान तथा परिपालना दर बढाउने कार्यमा जनप्रतिनिधि, कर्मचारी, विज्ञ एवम् स्वयंसेवकहरू समेत परिचालन गरिनेछ । साथै उक्त कार्यमा खटिने समूहलाई प्रोत्साहन तथा उत्प्रेरित गर्ने नीति लिईनेछ ।

९. नगरपालिका तथा वडा कार्यालंयमा दर्ता नभएका सम्पूर्ण व्यवसायहरुलाई आ.व. २०८१/८२ लाई नै आधार वर्ष मानेर व्यवसाय दर्ता अभियान सञ्चालनलाई निरन्तरता दिईनेछ । पटक - पटक मौखिक तथा लिखित अनुरोध गर्दा समेत व्यवसाय दर्ता नगरेमा त्यस्ता व्यवसायीहरुलाई कानून बमोजिम नगरपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवासुविधा रोक्का समेतका कारवाही प्रक्रिया अगाडि बढाईनेछ ।

१०. घरजग्गा बहाल कर सङ्कलनलाई यथार्थपरक तथा प्रभावकारी बनाउन सम्बन्धीत वडा कार्यालयमा अनिवार्य रुपमा घरबहाल सम्झौता अभिलेखाङ्कन गराउने नीति अवलम्वन गर्दै घरजग्गा बहाल करको परिपालनामा जोड दिईनेछ ।

११. आन्तरिक राजश्व सङ्कलन कार्यलाई तिव्रता दिनका लागि करदाताहरुको अध्यावधिक विवरण, कर असुली तथा कर व्यवस्थापन प्रयोजनको लागि अन्य सरकारी निकायहरूसँगको समन्वय तथा सूचना आदानप्रदान गर्ने कार्यलाई संस्थागत गरिनेछ ।

१२. नगरपालिका क्षेत्रभित्र उपलब्ध प्राकृतिक स्रोत तथा सम्पदाहरुको समुचित परिचालन, संरक्षण एवम् आन्तरिक राजश्वमा हुन सक्ने योगदान लगायतका विषयमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१३. नगरपालिकाले सङ्कलन गर्ने राजश्व अभिवृद्धि गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. आ.व. २०८१/०८२ मा १० वटै वडा तथा नगर कार्यपालिकाको कार्यालय मार्फत राजश्वमा उच्चतम योगदान गर्ने व्यक्तिगत तथा संस्थागत करदातालाई आगामी नगर सभामा सम्मान गर्ने नीति लिईनेछ ।

## ख. कृषि, सिंचाई तथा पशुपालन

१५. नागार्जुन नगरपालिका क्षेत्रभित्र भू-उपयोग सम्बन्धी प्रचलित नीति र कानूनको अधिनमा रही भूमिको वर्गीकरण र भू-उपयोग योजना तर्जुमा गरी लागू गरिनेछ ।

१६. संघ तथा प्रदेश सरकारको नीति अनुकूल हुने गरी कृषक सूचीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. नगरपालिका क्षेत्रभित्र कृषि उत्पादनमा वृद्धिका लागि रैथाने बाली, खाद्यान्न बाली, तरकारी बाली, मसला बाली लगायतको बिउ बिजन उपलब्ध गराईनेछ । साथै कृषकहरूलाई लागत सहभागितामा कृषि औजार तथा उपकरणहरू उपलब्ध गराई व्यवसायिक कृषि कार्यका लागि उत्प्रेरित गरिनेछ ।

१८. सामुदायिक वन, शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएका वडाहरूको बस्तीहरूलाई पकेट क्षेत्र बनाई मौरी पालन समूह निमार्ण गरी मौरी पालन व्यवसाय प्रवर्द्धन गरिनेछ ।

१९. नगर क्षेत्रभित्र हरेक घर परिवारबाट उत्सर्जन हुने कुहिने फोहोर (Organic Waste_ बाट कम्पोष्ट मल बनाउनको लागि ७५ प्रतिशत अनुदानमा कम्पोष्ट बिन लगायतका सामाग्रीहरू उपलब्ध गराइनेछ । साथै उक्त फोहोरबाट परिणत भएको कम्पोष्ट मल अर्गानिक कौशि खेतीमा प्रयोग हुने व्यवस्था मिलाईनेछ ।

२०. कृषि/तरकारी खेतीमा रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ र विकल्पको रुपमा जैविक मल/जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ .

२१. पर्याप्त जग्गा जमिन भएका कृषकहरुलाई विभिन्न किसिमका फलफुल, औषधीजन्य गुण भएका बोटविरूवाहरू अनुदानमा उपलब्ध गराईनेछ । साथै नगरपालिका भित्रका सार्वजनिक जग्गा, नदी तथा सडक किनारा, पार्क, उद्यान, विद्यालय लगायतको स्थानहरूमा उपयोगी बोटविरूवाहरू वृक्षारोपण तथा संरक्षण गरिनेछ ।

२२. खाद्यान्न, तरकारी तथा दुधजन्य र मासुजन्य पदार्थको शुद्धतामा विशेष जोड दिइनेछ, यसका लागि नियमित रुपमा मासिक मूल्य सङ्कलन तथा अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

२३. किसानहरूको उत्पादनलाई बजारीकरणको लागि संघ/संस्थाहरूको समन्वयमा हाट बजारको सम्भाव्यता अध्ययन गरी हाटबजार स्थापना गरिनेछ ।

२४. दुध, अण्डा, मासु उत्पादनमा आत्मनिर्भर बनाउन एवम् थप कृषकहरुलाई स्वरोजगार बनाउन विभिन्न पशुपंक्षी प्रवर्द्धन कार्यक्रम, बाँझोपन निवारण शिविर र अनुदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२५. नगरमा रहेका पशुपालक तथा कृषकहरुलाई सेवा प्रवाह गर्न आवश्यक औजार एवम् उपकरणको खरिद गरी वितरण गरिनेछ । औषधी, उपचार, भ्याक्सिन सेवा, घाँसको बीउ वितरण एवम् कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै प्रविधिजन्य उपकरण तथा सामाग्रीहरुमा ५०% अनुदान प्रदान गरिनेछ।

२६. उपभोक्ताहरुले स्वच्छ दुध र मासु उपभोग गर्न पाउन भन्ने उद्देश्यले वडामा दर्ता भएका तथा स्थायी वसोबास गरी मासु र डेरी पसल सञ्चालन गर्नेहरुलाई ७५% लागत साझेदारीमा कार्यक्रम सञ्चालनमा सहयोग गरिनेछ।

२७. विश्व स्वास्थ्य संगठन को सन् २०३० सम्म मानिसमा जनावरको टोकाईबाट सर्ने रेबिज रोग, पि.पि.आर., खोरेत लगायतका संक्रामक रोगहरूको रोकथामका लागि भ्याक्सिनेसन कार्यक्रम तथा सामुदायिक कुकुरको संख्या न्यूनीकरण गर्न बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ । रेबिज रोगको शङ्का भएका कुकुर तथा अन्य पशुको नमूना सङ्कलन, परिक्षण तथा निदान लगायतका कार्यहरू गर्न सम्बन्धीत क्षेत्रमा अनुभवी गैर सरकारी संघसंस्थाहरूसँग समन्वय तथा साझेदारी गरिनेछ । छाडा पशु र मृत जनावरको उचित व्यवस्थापन गरिनेछ ।

२८. जुनोटिक रोग, सूचीकृत तथा सीमा विहिन रोग, विषादी र एन्टीवायोटिक रेसिष्टेन्स तथा एक स्वास्थ्य नीति सम्बन्धी विषयमा जनचेतना अभिवृद्धि गर्न नगरपालिकाको स्वास्थ्य शाखासँग समन्वय तथा सहकार्य गरी गोष्ठी/अन्तरक्रिया/ सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२९. नगरपालिकाबाट अनुदान तथा सहुलियत राहत लिई कार्यक्रम सञ्चालन भएका सबै कार्यहरुको सघन अनुगमन गरिनुका साथै तोकिएको लक्ष्य, उद्देश्य बमोजिम कार्य नभएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही गरिनुका साथै निजहरूको नाम कालोसूचीमा राखी नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने अन्य सेवा सुविधाबाट समेत बञ्चित गरिनेछ ।

## ग. उद्योग, वाणिज्य, युवा स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन

१. नागार्जुन नगरपालिका क्षेत्रभित्र उद्यम/व्यवसाय गर्न चाहने युवा, महिला, वैदेशिक रोजगारीबाट फर्केका युवा तथा उद्यमीहरुलाई प्रोत्साहन गर्न नगरपालिकाले नेपाल सरकार, युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँगको साझेदारीमा मेयर उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नवउद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोन्नतीको विस्तार र उत्पादकत्व वृद्धिका लागि उद्यमीहरुलाई लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरिनेछ ।

३. नगरभित्रका समस्याग्रस्त उद्योगी व्यावसायीहरुको पहिचान गरी विभिन्न कारणले रुग्ण अवस्थामा पुगेका उद्योग व्यावसायहरुको पुनःउत्थान गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । स्थानीयस्तरमा लघु उद्यमीहरुद्वारा उत्पादित वस्तुहरुको बजारीकरणका लागि माग र आवश्यकताका आधारमा उपयुक्त ठाँउमा साझा सुविधा केन्द्रको स्थापना गर्न पहल गरिनेछ ।
५. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत लघु, घरेलु तथा साना उद्यमीहरुको लागि मागमा आधारित उद्यमशिलता तथा क्षमता विकासको लागि आवश्यक सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
६. श्रमको सम्मान गर्ने परिपाटीको विकास गरी गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्नका लागि नगरपालिकास्तरीय साना तथा ठूला आयोजनाहरुको कार्यान्वयनको क्रममा सूचिकृत बेरोजगारहरुलाई काममा प्राथमिकता दिन प्रयास गरिनेछ ।
७. बैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको लागि सीप र दक्षता अनुसारको रोजगारी तथा स्वरोजगारका लागि सरोकारवाला निकायसँग समन्वय र सहकार्यमा उपयुक्त वातावरणको सृजना गरिनेछ ।
८. उपभोक्ताको हकहित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा कायम गर्दै उपभोग्य वस्तु तथा सेवाको आधारभूत गुणस्तर एवम् सम्बद्ध विषयहरूमा नियमन गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाईनेछ ।

## घ. सहकारी

१. सहकारी मूल्य मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाहरुको सञ्चालन, प्रवर्द्धन, एकिकरण तथा नियमन गरिनेछ ।
२. सहकारी संस्था मार्फत हुने वित्तिय कारोवार तथा सहकारी संस्थामा रहेको सर्वसाधारण जनताको बचत रकम सुरक्षित र भरपर्दो बनाउन नियमित रुपमा नियमन तथा अनुगमनको व्यवस्था मिलाईनेछ ।
३. नगरपालिकाको कार्यक्षेत्रभित्र सञ्चालित सबै प्रकृतिका सहकारी संस्थाहरुको अभिलेख अद्यावधिकरणका लागि वर्गिकृत रुपमा COPOMIS मा आधारित मासिक/चौमासिक र वार्षिक प्रतिवेदन प्रणालीलाई संस्थागत गरिनेछ।
४. सहकारी संस्थाहरुको नियमित रुपमा प्रगति विवरण, लेखापरीक्षण र साधारणसभा समयमा गर्नको लागि अभिप्रेरित गरिनेछ । नियमित रुपमा प्रगति विवरण पेश गर्नेलाई पुरस्कृत र नगर्नेलाई कानूनको दायराभित्र ल्याई समग्रमा सहकारी सुशासन कायम गर्न प्रशिक्षण, प्रवर्द्धनमा जोड दिईनेछ ।
५. सहकारी संस्थामा सुशासन कायम गर्न बचतकर्ता र संस्था बिचको सदासयतापूर्ण विश्वास र सम्बन्ध स्थापनाका लागि ऋण व्यवस्थापन तथा PEARLS (पर्ल्स) विश्लेषण, COPOMIS

(कोपोमिस), सम्पत्ति शुद्धिकरण, लेखा व्यवस्थापन लगायत आवश्यक विविध किसिमका तालिमहरु प्रदान गरिनेछ ।

६. नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र सञ्चालित सहकारी संस्थाहरुको व्यवसायिक क्षमता अभिवृद्धिको लागि सरोकारवाला निकायसँग समन्वय गरी संस्थागत सवलिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित गर्नको लागि सहकारी प्रवर्द्धन तथा समन्वय समिति गठन गरिनेछ ।

८. संकटग्रस्त सहकारी संस्थाहरुलाई संघ, प्रदेश र नगरपालिकाको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका लागि आवश्यक कार्य गरिनेछ ।

९. आर्थिक तथा सामाजिक विकासका लागि ३ खम्वे अर्थ नीतिको सारलाई ग्रहण गर्दै सहकारी क्रियाकलापलाई सोही अनुरुप अगाडि बढाउन नगरपालिकाले उत्प्रेरकको भूमिका निर्वाह गर्नेछ ।

१०. नागार्जुन नगरपालिकामा रहेका सहकारी संस्थाहरुलाई नगरवासी र समुदायप्रतिको सामाजिक उत्तरदायित्व प्रवर्द्धन गराउन सहकारी संघ तथा सहकारी अभियान सम्बद्ध संस्थाहरुको सहकार्यमा सामाजिक उत्तरदायित्व अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

## ङ. कला, सँस्कृति तथा पर्यटन प्रवर्द्धन

१. नगरस्तरीय पर्यटनसँग सम्बन्धीत गौरवका आयोजनाहरु, ऐतिहासिक महत्वका स्मारक, धार्मिकस्थल, जलाधार संरक्षण लगायत आयोजनाहरूको सम्भाव्यता अध्ययन एवम् प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

२. नागार्जुन नगरपालिकामा पूर्वाधार सहितको पर्यटन विकासको लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

३. नगरपालिका क्षेत्र भित्र प्रचलित ऐतिहासिक तथा धार्मिक महत्वको जात्रा, उत्सव, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, भौतिक एवम् अभौतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन एवम् अन्तर पुस्ता हस्तान्तरणलाई प्राथमिकता दिईनेछ ।

४. नगरपालिका भित्रका मठमन्दिर, गुफा र अखडाहरूमा बस्ने साधुसन्त फकिरका लागि औषधी उपचारको व्यवस्थापन र आफन्त नभएका असहाय, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको लागि पुर्नस्थापना केन्द्र स्थापना गरिनेछ । नगरपालिकामा रहेका पण्डित पुरोहित ज्योतिषीहरूको अभिलेख राखी सम्मानपूर्वक सेवाको अवसर दिई स्तरोन्नति प्रशिक्षणको व्यवस्था गरिनेछ ।

५. नागार्जुन नगुरपालिकामा अवस्थित आदेश्वर महादेव मन्दिरको विस्तृत गुरू योजना अनुसार पुनः निर्माण तथा स्तरउन्नति कार्य अगाडि बढाईनेछ । साथै काठमाडौंका चार नारायणमध्येका कान्छा नारायणका नामले परिचित इचंगुनारायण मन्दिरको पुनः निर्माण कार्यलाई पूर्णता दिईनेछ ।

६. नागार्जुन नगरपालिकाका बिन्दाबासिनी मन्दिर, स्वीजरल्याण्ड पार्क, नर्सरीभञ्याङ्ग, भिमढुंगा, रामकोट, सेतो गुम्बा, इचंगुनारायण मन्दिर हुँदै वडा नं. १ को पचली भैरव मन्दिर, बाईसधारा देखि जामाचो, क्षेत्रमा पर्यटन बोर्ड तथा अन्य संघ तथा प्रदेश सरकारका निकायहरूसँगको सहकार्यमा पदमार्ग तथा हाइकिङ्ग मार्ग निर्माण गरिनेछ ।

७. नगरको सम्पतिको रूपमा रहेका भाषा, कला संस्कृति, गुठी भेषभुषा, चाडपर्व, स्थानीय जात्रा, जनजातिको पहिचान, गरि त्यसको संरक्षण र सम्वर्द्वन एवम् विकास गरि राष्ट्रियस्तरमा प्रचार प्रसार गरिने छ ।

८. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा परम्परागत शैलिका सम्पति जस्तै, मठ-मन्दिर, फल्चा, पाटीपौवा, गुम्वा, ऐतिहासिक स्थल, पोखरी, पुरानो लिपि, शिलालेख, ग्रन्थ, आदिको पहिचान गरि संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

९. नागार्जुन नगरपालिका क्षेत्रभित्र साहसिक पर्यटन जस्तैः- पदयात्रा, Bunjee Jumping, Cycling, Jeep safari, चट्टान आरोहण, Paragliding, canyoning, Marathon दौड सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१०. विशेष गरी बसन्त ऋतुमा नागार्जुन नगरपालिकाका छापे चौर (स्वीजरल्याण्ड पार्क), इचंगु जामाचो क्षेत्रमा लालिगुराँस र शरद ऋतुमा वडा नं. ३, ६ र ८ मा व्यवसायिक फूल खेती फूल फुल्ने क्षेत्रहरूलाई पर्यटनसँग आवद्ध गरी स्थानीय जनताको आय आर्जनमा समेत टेवा पुर्याईनेछ ।

११. नागार्जुन नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानका प्राचीन तथा स्थानीय नाम लोप हुँदै गएको सन्दर्भमा त्यस्ता स्थलहरूको पहिचान गरी सम्बन्धीत स्थलहरूको नामाङ्कन तथा प्रचारप्रसार गरिनेछ ।

१२. आन्तरिक तथा बाह्य पर्यटकको आगमनको सहजताको लागि प्रमुख चोक, प्रवेश स्थल वा अन्य ठाउँमा नक्सा सहितको सूचना राखिनेछ । साथै पर्यटकीय पूर्वाधार विकास तथा पर्यटन् क्षेत्रका लागि दक्ष जनशक्ति उत्पादनमा जोड दिईनेछ ।

१३. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका होमस्टेहरूको न्यूनतम मापदण्डको कार्यान्वयन गरी सेवाप्रवाहलाई गुणस्तरीय एवम् ग्राहकमुखी बनाउन अनुगमन, नियमन तथा क्षमता विकासमा जोड दिईनेछ।

१४. नगर भित्र रहेका सम्पदा, पदमार्ग, पर्यटकीय गतिविधि, ऐतिहासिक र धार्मिक क्षेत्रको प्रचार प्रसारमा विशेष जोड दिई तारे होटेल, विमान कम्पनी, ट्राभल एजेन्सी, पर्यटन मन्त्रालय र अन्य

पर्यटन संस्थाहरु (NTB, HAN, NATTA, TAAN, NARA र अन्य) सँग समन्वय गरी वृत्तचित्र, Vlog, सामाजिक सञ्जाल आदिमा उक्त गन्तव्य स्थानहरूको चिनारी, महत्व तथा तस्वीरहरु समावेश गरी प्रचार प्रसार गरिनेछ ।

१६. नगरपालिका भित्र रहेका सम्पदाहरूका प्राचीन गाथा, इतिहास तथा महत्वको प्रचारप्रसार तथा पुस्तान्तरणका लागि QR Code को प्रयोग गरी पढ्न सुन्न तथा देख्न मिल्ने गरी अध्ययनको प्रवन्ध गरिनेछ जसले गर्दा नागार्जुनको इतिहास, सभ्यता तथा मौलिकताको जगेर्नाको साथै सम्पदा संरक्षण तथा प्रचारप्रसार गरिनेछ ।

१७. नगरपालिकाले स्थापना कालदेखि प्रचारमा ल्याईएको नारा "समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पूर्वाधार" को सार्थकतालाई स्थापित गर्न नागार्जुन नगरपालिकालाई धार्मिक, साँस्कृतिक, प्राकृतिक र ऐतिहासिक गन्तव्य स्थलको रुपमा अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गरिनेछ ।

## २. सामाजिक विकास

### क. शिक्षा, युवा तथा खेलकुद

१. चालू शैक्षिक सत्रबाट प्रारम्भ गरिएको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी संवैधानिक मौलिक हक कार्यान्वयनमा जोड दिँदै सबै वालवालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गरी विद्यालय शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउँदै लगिनेछ । त्यसका लागि सामुदायिक विद्यालयहरूलाई दिईदै आएको शिक्षण सिकाई सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाईनेछ ।

२. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिँदै आएको दिवा खाजा कार्यक्रममा प्रति विद्यार्थी रू.१०/- थप गरिनेछ । साथै दिवा खाजा कार्यक्रमलाई स्वच्छ, स्वस्थ र गुणस्तरीय बनाउन नियमनलाई प्रभावकारी बनाईनेछ ।

३. सबै नागरिकका लागि अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गरिनेछ ।

४. प्राविधिक,व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवम् जनमुखी शिक्षाको विकास गर्दै लैजाने, साथै सामुदायिक विद्यालयको गुणस्तर बृद्धि गरी निजी विद्यालयसँग प्रतिस्पर्धा गर्ने वातावरण सृजना गरी निजी लगानीका विद्यालयहरुको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई शिक्षा क्षेत्रलाई सेवामूलक क्षेत्रमा रुपान्तरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

५. प्रधानाध्यापक तथा शिक्षकसँग नतिजामा आधारित कार्यसम्पादन करार गरी सिकाई उपलब्धि बृद्धिमा जोड दिई कक्षाकोठाको शिक्षण सिकाईलाई वालमैत्री तथा आधुनिक प्रविधि मैत्री बनाउदै लैजाने तर्फ कार्यक्रमहरु लक्षित गरिनेछ। सामुदायिक विद्यालयका हरेक कक्षाहरुमा डिजिटल पूर्वाधार युक्त बनाउँदै लगिनेछ।

६. शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु एवं बालविकास तर्फका सहयोगी कार्यकर्ताहरुको क्षमता अभिबृद्धि गर्न पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ।

७. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गरी सबै उमेर समूहका बालवालिकाहरुको खेलकूदमा सहभागिताको व्यवस्था मिलाईनुको साथै स्काउटको संरचनालाई विकास तथा विस्तार गरिनेछ।

८. संस्थागत विद्यालयहरुको ग्रेडिङ्ग गरी नगरपालिकाको सिफारिसमा लक्षित समुदायका बालबालिकाहरुलाई ऐन, नियमावली तथा मापदण्डले तोकेको कोटामा निःशुल्क अध्ययन गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९. सामुदायिक शिक्षकहरुको क्षमता वृद्धि गर्ने र प्रोत्साहनको लागि नतिजाको आधारमा उत्कृष्ट शिक्षकको पहिचान गरी वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

१०. नगरपालिकाका विपन्न परिवारका मेधावी विद्यार्थीलाई उच्च प्राविधिक शिक्षा, चिकित्सा, इन्जिनियरिङ्ग, विज्ञान तथा प्रविधि जस्ता विषयमा अध्ययनको अवसर दिन वार्षिक कोटा निर्धारण गरी छात्रवृत्ति प्रदान गर्ने व्यबस्था मिलाईनेछ ।

११. सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, विद्यालय कर्मचारी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, सामुदायिक सिकाई केन्द्रका परिचालक तथा विद्यालय सुरक्षाको कार्यमा खटिने कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ ।

१२. विद्यालयमा आर्थिक प्रशासनलाई चुस्त, व्यवस्थित, पारदर्शी, जवाफदेही बनाउँदै वित्तीय सुशासन कायम गरिनेछ । सामुदायिक विद्यालयको सम्पत्तिको संरक्षणका लागि विद्यालयको स्वामित्वमा रहेका जग्गाहरूको अभिलेख व्यवस्थित रुपमा राखिनेछ।

१३. विद्यालय तहदेखिनै खेल प्रतिभा प्रस्फुटनको लागि खेलमैत्री वातावरण निर्माणमा जोड दिइ स्वच्छ र अनुशासित नागरिक तयारीमा जोड दिइनेछ।

१४. सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षण सिकाइको वातावरण निर्माण गर्न विषयगत शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदान उपलव्ध गराइनेछ।

१५. कक्षा १ देखि ८ को स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउनको लागि स्थानीय विषयको पाठ्यपुस्तक निःशुल्क रूपमा वितरण गरिनेछ ।

१६. सवै विद्यालयलाई स्वच्छसफा र हरित विद्यालयका रूपमा विकास गर्न विद्यालयहरूलाई फोहोरमैला व्यवस्थापन र वृक्षारोपण गर्नको लागि प्रोत्साहन गरिनेछ ।

१७. स्वरोजगारमुखी र दक्ष जनशक्ति उत्पादनका लागि सबै माध्यमिक विद्यालयमा वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालन गरिनेछ । साथै संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा लामो अवधिका युवा स्वरोजगारमुखी पेशागत तालिमहरू सञ्चालन गरिनेछ ।

१८. नगरपालिकाको खेलकुद क्षेत्रसँग सम्बन्धीत नीति निर्माण, नगरले आयोजना गर्ने विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरू तथा समग्रमा नागार्जुन नगरपालिकामा खेलकुद क्षेत्रको

विकास र विस्तारका लागि गठित नगर खेलकुद विकास समितिसँग समन्वय गर्दै खेलकुद विकास समितिको संस्थागत विकासमा जोड दिईनेछ ।

१९. नगरवासीहरूको आत्मसम्मान, नगरको पहिचान तथा गौरव एवम् भावनात्मक एकता प्रवर्द्धनका लागि खेलकुद क्षेत्रलाई महत्वपूर्ण आयामको रूपमा विकास गरिनेछ ।

२०. नागार्जुन नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न खेल (फुटबल, फुटसल, तेक्वान्दो, कराँते, टेबलटेनिस, बक्सिङ्ग) सँग सम्बन्धीत खेलमैदान, पिच, कभर्ड हल लगायतका खेल पूर्वाधारहरूको स्तरोन्नति गरिनुका साथै विभिन्न संघसंस्थाहरूको साझेदारीमा उल्लेखित खेल पूर्वाधारहरू सञ्चालनमा ल्याईनेछ ।

२१. नेपालमा पछिल्लो समय अत्यन्त लोकप्रिय खेलको रूपमा चर्चा बटुलेको क्रिकेट खेलको विकासका लागि स्थानीयस्तरमा खेलाडी उत्पादन एवम् अभ्यासका लागि पिच निर्माण, प्रशिक्षण लगायतका विषयहरूमा नेपाल क्रिकेट संघसँगको सहकार्यमा सम्भाव्यता अध्ययन तथा कार्य अगाडि बढाईनेछ ।

२२. खेलकुद क्षेत्रको विकास र विस्तारका लागि नगरपालिकाको स्थापना दिवस तथा अन्य महत्वपूर्ण अवसरहरूमा अन्तर नगर खेलकुद प्रतियोगिता, अन्तर वडा खेलकुद प्रतियोगिता, नगरपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, अन्तर बिद्यालय खेलकुद प्रतियोगिता, जनचेतना एवम् सन्देश मूलक कार्यका लागि समेत विभिन्न मैत्रीपूर्ण खेल कार्यक्रमहरू आयोजना गरिनेछ ।

२३. विभिन्न संघसंस्था, क्लब, सामाजिक संघसंस्थाहरूले आयोजना गर्ने विभिन्न प्रकृतिका अन्तराष्ट्रिय तथा राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा स्रोत साधन तथा खेलको महत्वलाई समेत मध्यनजर गरी आवश्यकता अनुसार प्रायोजन, आर्थिक एवम् वस्तुगत सहायताको माध्यमबाट उत्प्रेरित गरिनेछ ।

## ख. स्वास्थ्य

१. नगर अस्पतालको सेवालाई थप प्रभावकारी बनाउदै स्वास्थ्य बिमा कार्यक्रम मार्फत विशेषज्ञ सुविधा थप गर्दै लगिनेछ । सो कार्यको लागि आवश्यक अत्याधुनिक औजार उपकरण, जनशक्ति तथा भौतिक पुर्वाधारको थप व्यवस्थापन गरिनेछ । सबै नगर बासीहरूको स्वास्थ्य बिमामा पहुँच अभिवृद्धि गर्न नगरपालिका क्षेत्रभित्रका सबै स्थायी बासिन्दा परिवारहरूका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२. निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई करसँग आवद्ध गरिनेछ । नगरवासीहरूले उक्त आ.व.मा नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर/राजश्व तिरी सकेपछि स्वतः स्वास्थ्य बिमा नविकरण हुने व्यवस्था मिलाईनेछ ।

३. नगर बासिहरुका लागी नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा उक्त कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिइनेछ । ब्लड बैंकमा

रगतको उपलब्धता बढाउन स्थानीय संघसंस्था लगायत सरोकारवाला निकायहरूसँगको सहकार्यमा आवधिक रुपमा सबै वडाहरुमा रक्तदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. नागार्जुन नगर अस्पताल तथा नगर अन्तर्गतका स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा मापदण्ड (MSS) सम्बन्धमा अध्ययन विश्लेषण गरी न्यूनतम मापदण्ड पुर्याउन सम्बन्धीत स्वास्थ्य संस्थाहरूको भौतिक वातावरण, जनशक्ति, उपकरण, सरसफाई लगायतका विषयहरूमा आवश्यक सुधार गरिनेछ ।

५. नगर एम्बुलेन्स र शव-वाहनबाट नगरबासीहरूलाई निःशुल्क सेवा प्रदान भइरहेको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. जनस्वास्थ्य कार्यालयको सहयोग र सहकार्यमा नगर स्तरिय आपतकालिन स्वास्थ्य योजना तयार गरी लागू गरिनेछ ।

७. मौसम अनुसार हुने विभिन्न प्रकारका सरुवा रोगको प्रकोप तथा माहामारी व्यवस्थाकोलागी गर्नु पर्ने आवश्यक प्रतिकार्य योजना,कार्यक्रमको व्यवस्था गरिनेछ ।

८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आइरहेको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ ।

९. प्रत्येक वडा स्थित स्वास्थ्य संस्थाहरुमा वितरण गर्न तोकिएका ९८ प्रकारका सबै औषधि उपचार तथा जनस्वास्थ्य लक्षित कार्यक्रम हरु सञ्चालन गर्न आवश्यक औषधि, औजार उपकरण सामाग्रीको व्यवस्थापन गरिने छ ।

१०. सबै बालबालिकाहरुलाई खोपको पुर्णमात्रा लगाउन प्रत्येक वर्ष पुर्णखोप घोषणा गर्न आवश्यक क्रियाकलाप तथा कार्यक्रमहरुको व्यवस्थापन गरिने छ ।

११. कडा तथा दिर्घ रोगहरु जस्तै मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्डका पक्षघातका बिरामीहरुलाई दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ।

१२. अल्ट्रासाउण्ड (भिडियो एक्सरे) को सहायताले गर्भवती महिलाहरुको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवशिशुको मृत्युदर घटाउनकोलागी हाल भिमढुंगा स्वास्थ्य चौकीमा सञ्चालन भईरहेको अल्ट्रासाउण्ड कार्यक्रमलाई सबै वडा स्थित स्वस्थ्य संस्थाहरुमा क्रमश बिस्तार गरिदै लगिने छ ।

१३. नगरबासीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै नसर्ने रोगहरूको रोकथामका लागि व्यायम, योगाभ्यास, शारीरिक कसरतको महत्वपूर्ण भूमिका हुने हुँदा हरेक वडा अन्तर्गतका खुल्ला क्षेत्र, पार्क लगायत उपयुक्त स्थानमा खुल्ला व्यायमशाला निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।

१४. विश्वमा बढ्दै गई रहेको आत्महत्या दर, मानसिक स्वास्थ्य समस्या, डिप्रेशन, लगायतका रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

# नागार्जुन नगरपालिकाको विनियोजन विधेयक, २०८१

नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि स्थानीय संचित कोषवाट केहि रकम खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक

(कार्यपालिका बैठकमा स्वीकृत गरिएको मितिः- २०८१/०२/२८)

(नगर सभाबाट स्वीकृत गरिएको मितिः- २०८१/०३/१०)

<u>प्रस्तावना:</u> नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले नगर सभाबाट पारित गर्नका लागि नेपालको सविंधानको धारा २२९ को उप-धारा २ बमोजिम यो विधेयक पेश गरिएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस विधेयकको नाम "नागार्जुन नगरपालिकाको विनियोजन विधेयक, २०८१" रहेको छ ।

(२) यो विधेयक नगर सभाबाट पारित भएपछि २०८१ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. <u>आर्थिक वर्ष २०८१/०८२ को निमित्त संञ्चित कोषवाट रकम खर्च गर्ने अधिकार:</u> (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पुजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.<u>२,५२,५०,००,०००/- अक्षरुपी (दुई अर्व बाउन्न करोड पचास लाख)</u> मात्र निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिने छ ।

३. <u>विनियोजन :</u> (१) यस विधेयकद्धारा संञ्चित कोषवाट खर्च गर्न दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त नागार्जुन नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूजिगत खर्च र वित्तिय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकवाट सो शिर्षकको रकम जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढि शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

## अनुसूची - १

दफाः २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२९ (२) वमोजिम

संञ्चित कोषवाट विनियोजन हुने रकम

| क.स | शिर्षकको नाम | जम्मा |
|---|---|---|
| १ | २ | ३ |
| १ | नगरकार्यपालिका | रू.२,५२,५०,००,०००/- अक्षरुपी (दुई अर्व बाउन्न करोड पचास लाख) |

# नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को अनुमानित आय विवरणः

| सि.न. | शिर्षक | स्रोत | अनुमानित आय रू. | अक्षरूपी रू. |
|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान | संघीय सरकार | १९,९०,००,००० | उन्नाईस करोड नब्बे लाख |
| २ | सशर्त अनुदान | संघीय सरकार | २९,८३,५३,००० | उनातिस करोड त्रियासी लाख त्रिपन्न हजार |
| ३ | समपुरक अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ५ | वित्तिय समानीकरण अनुदान | प्रदेश सरकार | २,०६,५५,००० | दुई करोड छ लाख पचपन्न हजार |
| ६ | सशर्त अनुदान | प्रदेश सरकार | ३,७३,५४,००० | तिन करोड त्रिहत्तर लाख चौवन्न हजार |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५,००,००० | पैसट्ठी लाख |
| ९ | घरजग्गारजिष्ट्रेशन दस्तुर (मालपोत) | प्रदेश सरकार | ८७,५८,१४,७५० | सतासी करोड अन्ठाउन्न लाख चौध्र हजार सात सय पचास |
| १० | राजस्वबाँडफाँड (मु.अ.कर, अन्त शुल्क तथा रोयटी समेत) | संघीय सरकार | १०,६६,००,००० | दश करोड छैसट्ठी लाख |
| ११ | राजस्वबाँडफाँड (सवारी साधन कर ) | प्रदेश सरकार | ४,८१,१३,२५० | चार करोड एकासी लाख तेह्र हजार दुई सय पचास |
| १२ | आन्तरिक स्रोत | नागार्जुन नगरपालिका | ५५,७०,००,००० | पचपन्न करोड सत्तरी लाख |
| १३ | जि.स.स.भवन निर्माण र खानेपानी निर्माण अनुदान | जि.स.स. काठमाडौं | ४,९७,००,००० | चार करोड सन्तानब्बे लाख |
| १४ | का.म.न.पा. अनुदान | का.म.न.पा काठमाडौं | ७,६५,००,००० | सात करोड पैसट्ठी लाख |
| १५ | लागत सहभागिता | जनसहभागिता | १,५०,००,००० | एक करोड पचास लाख |
| १६ | अनुमानित बैंक मौज्दात | | १८,९४,१०,००० | अठार करोड चौरानब्बे लाख दश हजार |
| | जम्मा | | २,५२,५०,००,००० | दुई अर्ब बाउन्न करोड पचास लाख |

## नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को अनुमानित व्यय विवरणः

| सि.नं. | विवरण | स्रोत | रकम रू. | अक्षरूपी रू. |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान | संघीय सरकार | २९,८३,५३,००० | उनातिस करोड त्रियासी लाख त्रिपन्न हजार |
| २ | समपुरक अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ३ | समपुरक अनुदान | आन्तरिक स्रोत | १,५०,००,००० | एक करोड पचास लाख |
| ४ | विशेष अनुदान | संघीय सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ५ | सशर्त अनुदान | प्रदेश सरकार | ३,७३,५४,००० | तिन करोड त्रिहत्तर लाख चौवन्न हजार |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | १,५०,००,००० | एक करोड पचास लाख |
| ७ | समपुरक अनुदान | आन्तरिक स्रोत | १,५०,००,००० | एक करोड पचास लाख |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ६५,००,००० | पैसट्ठी लाख |
| ९ | वडा सिलिङ्ग | आन्तरिक स्रोत | ९,५०,००,००० | नौ करोड पचास लाख |
| १० | विषयगत शाखा सिलिङ्ग बजेट (शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, आयुर्वेद लगायत) | आन्तरिक स्रोत | २३,५५,००,००० | तेईस करोड पचपन्न लाख |
| ११ | प्रशासनिक खर्च | आन्तरिक स्रोत | ३२,५१,५४,००० | बतिस करोड एकाउन्न लाख चौवन्न हजार |
| १२ | लागत सहभागिता | आन्तरिक स्रोत | १,५०,००,००० | एक करोड पचास लाख |
| १३ | विपद् व्यवस्थापन कोष तथा विपद् सम्बन्धि आयोजना तर्जुमा, कार्यान्वयन | आन्तरिक स्रोत | २,००,००,००० | दुई करोड |
| १४ | नगरस्तरीय योजना तथा कार्यक्रम (गत आ.व.को सम्झौता/भुक्तानी दिन बाँकी योजना/अल्या समेत) | आन्तरिक स्रोत | १,४१,७१,३९,००० | एक अर्व एकचालिस करोड एकहत्तर लाख उनान्चालिस हजार |
| | कुल जम्मा | | २,५२,५०,००,००० | दुई अर्व बाउन्न करोड पचास लाख |